स्थानीय सरकार
अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.- ०८२/०८३
च.न.

ईमेल:info@ajayamerumun.gov.np
वेवसाईट:www.ajayamerumun.gov.np


## बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना !

मिति: २०८२।११।१४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) खण्ड (थ), रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सोको नियमावलीको नियम ७ (१) तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम निर्देशिका, २०८२ को दफा १४ (२) बमोजिम आगामी आ.व.२०८३/०८४ को स्थानीय तहको बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत भई सोही निर्देशिकाको दफा ४ बमोजिम रोजगार सेवा केन्द्रको समन्वयमा सञ्चालन गरिने प्रवर्द्धनात्मक रोजगारमूलक कार्यक्रम वा बेरोजगार सहायता कार्यक्रममा सहभागी हुन इच्छुक १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका बेरोजगार नेपाली नागरिकहरूले २०८२ फागुन मसान्त सम्म आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा तोकिएको ढाँचामा वैयक्तिक तथा पारिवारिक विवरणहरू पूर्ण रूपमा भरी आवश्यक कागजातसहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। निवेदनको ढाँचा एवम् यस सम्बन्धी विस्तृत जानकारी सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

हर्ष बहादुर रोका
प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजातहरू:**

१. नेपाली नागरिकताको दुवै भाग प्रष्ट बुझिने प्रतिलिपी १ प्रति ।

२. अन्य जिल्लाबाट जारी गरिएको नागरिकता प्रमाण पत्र भएमा बसाईसराई, विवाह दर्ता वा स्थायी बसोबास खुल्ने प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

३. कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपी १ प्रति ।

४. पासपोर्ट साइजको फोटो १ प्रति ।

**बोधार्थ / कार्यार्थ:**

श्री वडा कार्यालयहरू सबै सूचना प्रचारप्रसार गरी आवेदन सङ्कलन गर्नुहुन ।

श्री सूचना प्रविधि अधिकृत : वेबसाइट र फेसबुक पेजमा प्रविष्ट गरिदिनु हुन ।